ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY



प्रोटिनका भण्डार पृष्ठ ३ मा

❑ वर्ष-१० ❑ अङ्क-६, २०७५ जेठ २६ गते, शनिबार (June 9, 2018 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ संख्या: ६

## मेयर उपमेयरलाई ट्राफिक सचेतना



फत्तेपुर / सप्तरीको सप्तकोशी नगरपालिकाका मेयर उत्तम गौतम, उपमेयर आशाकुमारी चौधरीलगायत जनप्रतिनिधिहरुलाई विहीबार ट्राफिक नियमपालनाबारे प्रशिक्षण दिइएको छ ।

ट्राफिक प्रहरी पोष्ट फत्तेपुरले सबै नागरिक ट्राफिक नियमबारे सचेत हुन भनेर जनप्रतिनिधिहरुलाई समेत सचेतनामुलक प्रशिक्षण दिइएको जिल्ला ट्राफिक कार्यलय शम्भुनाथले जनाएको छ ।

# प्रदेश २ मा चुरे जोगाऔँ मधेश बचाऔँ अभियान

फत्तेपुर / प्रदेश नं २ को सरकारले आर्थिक वर्ष २०७५र०७६ को नीति तथा कार्यक्रम विहीबँर सार्वजनिक गर्दै 'चुरे जोगाऔँ मधेश बचाऔँ' नारालाई अभियानका रुपमा सञ्चालन गर्ने जनाएको छ । प्रदेशसभाको विहीबारको बैठकमा प्रदेश प्रमुख रत्नेश्वरलाल कायस्थले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै प्रदेश सरकारले मिथिला, भोजपुरालगायत मधेशका सांस्कृतिक पहिचान बोकेका धरोहरको संरक्षणका लागि प्रदेश सांस्कृतिक संरक्षण केन्द्र स्थापना गरिने बताए ।

नीति तथा कार्यक्रममा प्रदेश सहकारी विकास, उखु विकास, डेरी विकास, मत्स्य विकास एवं तरकारी तथा फलफूल विकास बोर्ड गठन गर्ने, प्रदेशको विद्यमान आर्थिक, सामाजिक पूर्वाधार विकास, मानव विकासको अवस्थालगायत सम्पूर्ण क्षेत्रको तथ्यपरक चित्र झल्काउने आधार तथ्यांकको संकलन गर्ने कामलाई प्राथमिकताका साथ अघि बढाउने, भूमि बैंकको स्थापना, बन्द भएका सरकारी उद्योगको सञ्चालन लगायत योजना उल्लेख छ ।

नीति तथा कार्यक्रममा आगामी आवमा ५० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ । प्रदेश २ लाई वैकल्पिक ऊर्जा केन्द्रका रुपमा विकास गर्न ५० मेगावाट विद्युत् उत्पादनको लक्ष्य लिएको छ । त्यस्तै सिँचाइका लागि सौर्य ऊर्जाको अधिकतम प्रयोग गरिने नीति लिइनेछ ।

यसैगरी जनकपुर चुरोट कारखाना लिमिटेड क्षेत्रभित्र रहेको प्रादेशिक कार्यालय र निवासमा सौर्य ऊर्जा जडान गरिने छ । प्रदेश २ लाई अन्न र तरकारी भण्डार तथा औद्योगिक बाली, दूध उत्पादन र माछा उत्पादन हुने विशेष प्रदेशका रुपमा विकास गरिने छ । सामूहिक गाई तथा भैंसीपालनका लागि प्रोत्साहन गर्न न्यून ब्याजदरमा ऋण दिइने पनि

बाँकी पाच पृष्ठमा

## तराई-मधेसमा अचाक्ली गर्मी



फत्तेपुर / तराईमा तापक्रम वृद्धिका कारण सप्तरी, सिरहा, धनुषा लगायत तराई-मधेसको जनजीवन कष्टकर बनेको छ। वर्षा नहुँदा एकसाता यता बढेको तापक्रमले सर्वसाधारणको दैनिकी प्रभावित भएको छ ।

बजारमा सर्वसाधारणको चलह पहल कम हुँदै गएको छ। शिक्षण संस्था तथा सरकारी कार्यालयहरुमा समेत विद्यार्थी र सेवाग्राहीको उपस्थिति घटेको छ । बिहानैदेखिको गर्मीका कारण विद्यार्थी कम आउन थालेको शिक्षकहरुले बताएका छन् ।

तापक्रम बढेपछि गर्मीबाट जोगिन सर्वसाधारण दिनभरि जसो खुला ठाउँ र रुखको छहारीमा बस्न थालेका छन् ।

'घरमा गर्मीले बसिसक्नु छैन,' सप्तकोशी

बाँकी अन्तिम पृष्ठमा

## फत्तेपुरमा एक महिने रमाईलो मेला

न्यु त्रियुगा स्पोर्ट्स क्लब फत्तेपुर को आयोजना मा सप्तरीको सप्तकोसी नगपालिका फत्तेपुर मा निर्माणाधिन बहुउपयोगी कभर्डहल निर्माण को लागि सहयोगार्थ संचालन हुने एक महिने रमाइलो मेला मा सपरिवार आइ रमाउनु का साथै बहुउपयोगी कभर्डहल निर्माण का लागि सहयोग गरि दिनु हुन सबैमा हार्दिक अनुरोध गर्दछौं ।



**मेलाका आकर्षणहरु:**

रोटेपिङ ,नाउका पिङ,draigan रेस, कार रेस लगायत बच्चाहरुका विभिन्न आकर्षक खेलौनाहरु विभिन्न राष्ट्रिय कलाकारहरु मेलिना राई,जेष्ठ कोमल ओलि,ज्योति मगर दिलिप रायमाझी ,केदार घिमिरे (माग्ने बुढो)लगायत लोकदोहरी, नृत्य ,गायन लगायत विभिन्न हास्यकलाकारहरु बाट हास्यब्याङ्य लगाय विभिन्न मनोरञ्जनात्मक कार्यक्रम हरुका साथ दार्जिलिङ का कलाकार हरुको बेजोड प्रस्तुति रहेको छ । हेर्न नछुटाऔं ।

**मितिः २०७५ जेष्ठ १० गतेदेखि असार १० गतेसम्म**

**स्थानः सहिद स्मृति रंगशाला सप्तकोसी नगरपालिका-१,फत्तेपुर**

व्यावस्थापक

**पर्वत लामा**

एवं रमाइलो मेला आयोजक समिति सप्तकोसी नगरपालिका-१, फत्तेपुर सप्तरी

तराई...

नगरपालिका वडा ४ का आयुष आर्चायले भने -'परिवार र बालबच्चासहित रुखको छहारीमुनि बस्नु पर्ने अवस्था छ ।' उनले रातिको समयमा अझ समस्या हुने गरेको बताए। भने, 'दिनभरि त बाहिरफेर शितलमा घुमेर, रुखकै छहारीमा बसेर कटाउन सकिन्छ । राति गर्मी र मच्छडले सुत्न सकिँदैन ।'

गर्मी बढेपछि मजदुरी गर्ने व्यक्तिहरु बढी प्रभावित भएका छन् । गर्मीमा काम गर्न सक्ने अवस्था नरहको र मान्छेको चहल-पहल पनि कम हुने भएकाले मजदुरीका लागि नगई घरमै बस्दै आएका छन् ।

# सप्तकोशी नगरपालिकाको अनुरोध

- सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ ।
- शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
- सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर बनाउन पहल गरौं ।
- शहरलाई प्लाष्टीक र प्रदुष्णयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ । कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्योग गरौ ।
- समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
- नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
- नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
- आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
- सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
- अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
- सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
- सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

**सप्तकोशी नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, सप्तरी**

# सूचना

## बोक्सी बोक्सी भनी अन्धविश्वासमा नलागौं, रोग लागेमा स्वास्थ्य केन्द्र जाने बानी बसालौं ।

**नेपाल सरकार**
**संचार तथा सूचना प्रविधी मन्त्रालय**
**सूचना विभाग**

# २४सै घण्टा तपाईहरुको सेवामा

**हाम्रा सेवाहरुः**

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

**स्पोर्ट सेवाहरुः**

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा र साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

- डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
- डा.अनिता बर्मा, जनरल फिजिसियन
- डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) –प्रत्येक महिनाको
- डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते
- डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
- डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
- डा. बद्रीप्रसाद भट्टराई . डा. समन




एम्बुलेन्स सम्पर्कः ९८४२४०४८०४,

*नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन) जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा*

## माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००

# दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

**हाम्रा सेवाहरुः**

यहा हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स–रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

**बिशेषज्ञ डाक्टर**

- डा. संदीप शर्मा, हाड–जोर्नी, नशा तथा बाथ रोग
- डा. दिलीप चौधरी, छाला–यौन तथा कुष्ट रोग
- डा. बरुण देव, नाक–कान तथा घाटी रोग बिशेषज्ञ




## जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा–१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

# तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

**हाम्रा उपलब्ध सेवाहरु**

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स–रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स–रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा






## फत्तेपुर पोलिक्लिनिक(प्रालि)

सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७

प्रमुख सल्लाहकारः डा.महेन्द्र विष्ट, सल्लाहकारः प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४२१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक,खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधिः मिलन केसी, सुनसरी प्रतिनिधिः कृष्ण कार्की, बेलटार प्रतिनिधिः शंकर केशी, रामपुर प्रतिनिधिः सरद कोईराला, कञ्चनपुर प्रतिनिधिः राजकुमार पासवान कार्यालय ठेगानाः सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्कः ९८०३८१९७२१ Email:janatatimesweekly@gmail .com,publicnews8@gmail .com, Web site: www .janatimes .com, मुद्रणः लक्ष्मी अफसेट प्रेस, गाईघाट , उदयपुर

जनता टाइम्स
JANATA TIMES WEEKLY

सम्पादकीय.................

# तराईमा गर्मी

सप्तरीलगायत पूर्वी तराई र भित्री मधेशमा एक सातादेखि तापक्रम बढेसँगै गर्मी बढेर जनजीवन प्रभावित बनाएको छ । ४ वर्ष यता कै सबैभन्दा बढी तापक्रम गत मंगलबार मापन भएको छ ।

हावापानी कार्यालय धरानका प्राविधिक धनप्रसाद गुप्ताका अनुसार बुधबार विराटनरको तापक्रम ३६ दशमलव ४ डिग्री सेल्सीयस मापन गरिएको छ । पहाडी जिल्ला धनकुटामा बुधबारको तापक्रम ३० दशमलव १ डिग्री सेल्सीयस मापन गरिएको छ ।

पछिल्लो समयमा एकाएक तापक्रम वृद्धि हुनुमा वातावरणीय असर प्रमुख कारण हो । तापक्रम बढेसँगै तातो हावा चल्ने गरेकाले सर्वसाधारणलाई घर बाहिर निस्कनसमेत समस्या भएको छ । यस्तो समयमा सचेतना अपनाउनु जरुरी हुन्छ ।

अत्यधिक गर्मीका कारण बालबच्चा, वृद्धहरु बढि प्रभावित हुने गर्दछन् । गर्मीको समयमा विद्यालयहरु छुट्टी दिनु नै उपयुक्त हुने छ । गर्मी बढ्दा चिसो पेयपदार्थ, फलफूल जुस खानु पर्दछ । सितल छाहारीमा बसेर सुरक्षित हुनु पर्दछ ।

## ☎ जरुरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१-५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# ६ पार्टी जुटेर बनेको राजपा मोर्चा जस्तै

डा.सुरेन्द्र झा

हामीले ६ वटा राजनीतिक दलहरू, जसले विगतमा ३ वर्षदेखि लिएर २५ वर्षसम्म अनुभव भएका ११ सांसद भएका पार्टीहरू, एकजुट हुनु आफैमा पनि चूनौतिपूर्ण कार्य थियो । त्यसपछि आन्दोलनको क्रममा एकजुट भएको पार्टी तीनवटा स्थानीय तहको निर्वाचनमा सहभागि भयो । वाम गठबन्धनको एकीकरण पछि अहिले हामी राष्ट्रको तस्रो शक्तिको रूपमा रहेका छौं । यसबीचमा हामीले धेरै कार्यहरू गऱ्यौं । मधेशको जनअपेक्षाअनुसार हामीले काम गर्नुपर्छ । यसलाई अलि बढि व्यवस्थित गर्नुपर्छ भन्ने कुरामा दुई मत छैन तर यो भद्रगोल छ जस्तो मलाई लाग्दैन । पार्टीको आफ्नो सिद्धान्त छ, त्यसअनुसार अगाडी बढिरहेको छ ।

यो सहि हो कि पार्टीका भातृ संगठनहरुलाई व्यवस्थापन गर्न सकिएको छैन । विगतमा हामीले ६ वटा पार्टीलाई एकीकरण गरेका हौं । तर अहिले पनि पार्टीमा ठूला कुराको निर्णय गर्ने क्रममा त्रुटी भइरहेको छ । यसलाई मैले पनि स्वीकार गरेको छु । पहिलो कुरा त हामीले महाधिवेशन गर्ने भनेका थियौं तर गर्न सकेका छैनौं । पार्टीभित्र भएका विवादलाई एकत्रित गर्न सकेनौं । ६ वटा पार्टी को विवाद थियो र त्यो अझै पनि यथावत् नै छ । एकीकरण भछि बनेको राष्ट्रिय जनता पार्टीको संयोजक महन्थ ठाकुर त बन्नुभयो तर अध्यक्ष मण्डलका अन्य सदस्यहरूको व्यवस्थापन हुन सकेको छैन । पार्टीभित्रको धारणा उही पुरानै रहेको छ । जसले गर्दा विवादहरू सिर्जना भयो । यस्तो किसिमका समस्या समाधान गर्न जरुरी छ । पुरानै पार्टीको धारणलाई निरन्तरता दिंदै आउनुभएका अध्यक्ष मण्डलका सदस्यहरूलाई पनि पछिल्लो समयमा यस किसिमले राष्ट्रिय जनता पार्टी निर्माण हुन सक्दैन भन्ने अनुभूति भइसकेको छ । जसको फाइदा विपक्षीले लिन सक्छ । साथसाथै राष्ट्रिय जनता पार्टी मधेश आन्दोलन र युवा शक्तिबाट आफूलाई स्थापित गरेको पार्टी हो । अहिले ती युवा साथीहरू प्रदेश २ को पार्टीमा प्रवक्ता, सहमहामन्त्री जस्ता पदमा थुप्रै हुनुहुन्छ । अहिलेको परिस्थितिमा आन्दोलनबाट स्थापित भएको पार्टी भएकाले यसप्रति हामी सबैले विचार गरिरहेका छौं । सबैलाई अनुभूति के भइरहेको छ भने पार्टीलाई चस्त र दुरुस्त बनाउनु परेको छ । अध्यक्ष मण्डलबाट निर्णय हुंने जुन प्रक्रिया भयो, सम्पूर्ण अधिकार अध्यक्ष मण्डललाई त दिइयो तर त्यसको सान्दर्भिकता छैन । त्यसैले मलाई के लाग्छ भने नैराश्यता नै भइसकेको अवस्था छैन तर हामी चिन्तित अवश्य पनि छौं । यसलाई हामीले रुपान्तरण गरेर पार्टीलाई चुस्त दुरुस्त बनाउन तर्फ लागिरहेका छौं ।

भावनामा बगेर ठूला नेताहरूले पार्टी त एकीकरण गर्नुभयो तर एकीकरण भएपछि ठूलो पार्टी भयो भनेर नराम्रो काम पनि गर्न थाले । निर्णय प्रक्रियामा भागबण्डालाई अगाडि सारे । महन्थ ठाकुर संयोजक भइसकेपछि तराई मधेश लोकतान्त्रिक पार्टी भन्दा बाहेकका नेताहरूले खासगरी पुरानो पार्टीको नीतिलाई निरन्तरता दिने मनोविज्ञान देखाए । यो अबको अवस्थामा ६ वटै पार्टी विघटन भइसकेको छ । राष्ट्रिय जनता पार्टी नेपाल हाम्रो पार्टी हो, यसैभित्र रहेर हामीले संगठन चलाउनुपर्छ, यसमा नै हाम्रो भविष्य छ भन्ने किसिमको मनोविज्ञानको विकास हुनुपर्छ । यो विकास भयो भने मात्र पार्टी अगाडि बढ्न सक्छ । मलाई के लाग्छ भने राष्ट्रिय जनता पार्टी प्रचुर सम्भावना भएको पार्टी हो । नेतृत्वको कमी छैन, तीन दर्जनभन्दा बढी स्थापित भइसकेका नेताहरू यस पार्टीभित्र छन् । यो हिसाबले सम्भावना भएको पार्टी हो । भावनात्मक रूपमा पनि एकता भएन भनेर भन्दिन । भावनामा बगेर नै एकता भएको हो । जनताबाट पनि जब मधेश एक छ भने तपाईंहरू किन अनेकतामा जानुहुन्छ भन्ने

*एकीकरणको समयमा संयोजक पालैपालो हुने भन्ने कुरा चक्रीय प्रणाली हो । एकीकरणको समयमा यस बारेमा कुनै कुरा भएको थिएन । तर दस्तावेजमा भने त्यो कुरा उल्लेख भएर आयो । यो ठूलो विषय भएन । सबैलाई के कुरा थाहा छ भने हामीसँग लोकतान्त्रिक आन्दोलनका योद्धा, मधेश आन्दोलनका योद्धा छन् ।*

दबाब पनि थियो । यो कारणले गर्दा एकता भयो । तर अध्यक्ष मण्डलमा थुप्रै नेताहरू आफूलाई सुरक्षित कसरी पार्न सकिन्छ भनेर भागबण्डाको राजनीति गर्नुभयो । यो पार्टीको लागि दुःखद विषय हो र यस्तो मनोविज्ञानले पार्टीलाई सबैभन्दा बढी क्षति भएको छ । पुरानै नीतिलाई अंगालेर पार्टी अगाडि बढाउनुको कुनै औचित्य छैन । त्यसले गर्दा क्षमतावान युवा साथीहरूई पनि पाखा लगाइयो । टिकट वितरण गर्ने क्रममा नै १२/१५ वटा मेयर उपमेयरको सिट हामीले गुमायौं । प्रदेशमा पनि त्यस्तै छ । समानुपातिकतर्फको जुन निर्णय भयो, त्यो नै जन अपेक्षाअनुसार गराउन सकिएन । यसमा परिवारवाद र लेनदेनका कुराहरू धेरै भयो ।

पार्टी भित्र गुट(उपगुटको चलखेल भयो भन्नु स्वभाविक हो । हामी ६ वटा फरक(फरक पार्टीबाट आएका छौं र ६ वटै पार्टीका अध्यक्षलाई अहिले पनि अध्यक्ष मण्डलको सदस्य बनाइएको छ । ६ वटा पार्टीमध्ये सबैभन्दा ठूलो पार्टी तराई मधेश लोकतान्त्रिक पार्टी भएको हुनाले र यसको अध्यक्ष पनि धेरै अनुभव प्राप्त भएको हुनाले सबैले संयोजकको रूपमा माने तर अन्य दलका अध्यक्षहरूबीच भने आन्तारिक प्रतिस्पर्धा भयो कि उहाँहरू आफू(आफूले नै गुटबन्दी सिर्जना गर्नुभयो । पुरानै गुट(उपगुटमा सक्रियता देखाउनुभयो र त्यसैमा रमाउने परम्परा र प्रवृद्धि पनि छ । यसले गर्दा अपेक्षाकृत नतिजा लिन सकेनौं । देशको चौथो ठूलो पार्टी हुँदा हुँदै पनि राम्रो सन्देश हामीले दिन सकेनौं । मधेशमा जुन प्रकारको उपस्थिति हुनु पर्ने हो त्यो उपस्थिति भएन कि भन्ने अनुभूति हामीलाई हुन थालेको छ । जसको दबाब स्वरुप पार्टीलाई रूपान्तरणमा लानै पर्छ भनेर हामीले दबाब पनि दिइरहेका छौं ।

एकीकरणको समयमा संयोजक पालैपालो हुने भन्ने कुरा चक्रीय प्रणाली हो । एकीकरणको समयमा यस बारेमा कुनै कुरा भएको थिएन । तर दस्तावेजमा भने त्यो कुरा उल्लेख भएर आयो । यो ठूलो विषय भएन । सबैलाई के कुरा थाहा छ भने हामीसँग लोकतान्त्रिक आन्दोलनका योद्धा, मधेश आन्दोलनका योद्धा छन् । महन्थ ठाकुर जस्ता अनुभवी, त्यागी, सर्वमान्य नेताले नेतृत्व गर्नुभएको छ । उहाँकै नेतृत्वले आज हामी यहाँसम्म आइपुगेका छौं । दस्तावेजमा उल्लेख भएको चक्रीय प्रणालीलाई अध्यक्ष मण्डलको बैठकले त्यसलाई खारेज गरिसकेको छ ।

यहि १४ गते राजपाको अध्यक्ष मण्डलको बैठक बस्दैछ र २५ गते राजनीतिक समितिको बैठक बस्दैछ । आवश्यक परेको खण्डमा पदाधिकारी बैठक पनि राजनीतिक समितिको निर्णयबाट गर्छौं । होइन भने त्यसै बैठकबाट पार्टीको भावी कार्यदिशाको बारेमा छलफल गर्नेछौं । महाधिवेशनमा पार्टीलाई लैजाने हाम्रो अभिप्राय: हो । संसदीय दलको नेताको विषयलाई पनि अध्यक्ष मण्डलको बैठकबाट टुंगोमा पुऱ्याउनेछौं । राजपा नेपालको संयोजक महन्थ ठाकुर नै संसदीय दलको नेतामा पनि हुनुहुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं । खासगरी सांसद र संसद सम्बन्धी विषय भएको हुनाले सांसद साथीहरूले पनि यो कुरालाई मान्नु हुनेछ । विगत एक दशकदेखि महन्थ ठाकुरजी राजनीतिमा कुनै पनि पदप्रति आशक्त नभएको व्यक्तित्व, उहाँलाई कुनै पदको आवश्यक्ता छैन । उहाँका लागि दुईवटा पद मात्र छ, एउटा राष्ट्रपति अर्को प्रधानमन्त्री । होइन भने उहाँ पार्टीकै संयोजक हुनुहुन्छ । यदि उहाँ संसदीय दलको नेता बन्नुभयो भने पनि भोलीका दिनमा अन्य क्षमतावान साथीहरू हुनुहुन्छ । उहाँहरू नै शक्तिको एकीकरण बन्नुस् । उहाँहरूले नै त्यो मौका पाउनुहुनेछ । त्यसकारण उहाँको स्वीकार्यतामा प्रश्न उठेर संसदीय दलको नेता चयन गर्न सकिन्छ जस्तो मलाई लाग्दैन ।

संसदीय दलको नेता चयन गर्न नसक्नुको प्रमुख कारण त संयोजकको शारिरीक अस्वस्थता नै हो । अन्य पार्टीले पनि भर्खर मात्र चयन गरेको छ । हामी पनि यसको प्रक्रियामा छौं । विवाद भन्ने छैन । अर्को कुरा राष्ट्रिय जनता पार्टी लोकतान्त्रिक पार्टी हो । लोकतान्त्रिक प्रक्रिया अनुसार नै अगाडि बढ्छ । सबैको सर्वसम्मत निर्णय भए झनै राम्रो भयो । यदि सर्वसम्मत निर्णय भएन भने लोकतान्त्रिक प्रक्रियाअनुसार चुनाव नै होला । त्यसकारण यसमा विवाद भन्ने नै छैन । यसको निर्णय पनि छिट्टै नै हुनेछ । (मधेश दर्पण)



# यी हुन् प्रोटिनका भण्डार




प्रोटिन मानिसको स्वास्थ्यका लागि महत्वपूर्ण तत्व हो। यसले शरीरको कोशिका निर्माण र मर्मतमा ठूलो भूमिका निर्वाह गर्छ। यो हरेक उमेरका मानिसलाई आवश्यक हुन्छ। गर्भावस्थामा प्रोटिन बढी आवश्यक हुन्छ। शिशुको निर्माण प्रक्रियामा पनि यसको अहम् भूमिका हुन्छ। मानिसको पूरै जीवनमा प्रोटिन धेरथोर आवश्यक भइरहन्छ। यसैले हाम्रो खानामा पनि कुनै न कुनै प्रोटिनजन्य खाद्यपदार्थ सामेल गराइएको हुन्छ। थाहा पाऔं प्रोटिन बढी पाइने खानेकुराहरु:

**एकदिनमा कति प्रोटिन जरुरी ?**

युनाइटेड स्टेट डिपार्टमेन्ट अफ एग्रीकल्चका अनुसार शरीरको तौलको हिसाबमा प्रतिदिन ०.८ ग्राम प्रोटिन जरुरी हुन्छ। उदाहरणका लागि यदि तपाईंको तौल ६० किलो छ भने ४८ ग्राम (६० किलो गुणा ०.८) प्रोटिन जरुरी पर्छ। यदि स्ट्रेन्थ तालिम गरिरहनुभएको छ भने तौलको हिसाबले प्रतिकिलोग्राम १.५ देखि २ ग्राम प्रोटिन आवश्यक हुन्छ।



**सिमी**

सिमी प्रोटिनको निकै राम्रो स्रोत हो। पोषणविद् यसलाई प्रोटीनको पावरहाउस पनि भन्छन्। यसमा शरीरलाई आवश्यक फाइबर भरपूरमात्रामा पाइन्छ। सुकाइएको र हरियो सबै खालका सिमीमा प्रोटिन पाइन्छ। यसमा पर्याप्तमात्रामा भिटामिन ए, सी, के र बी ६ पाइन्छ। यो फोलिक एसिडको पनि राम्रो स्रोत हो। यसका अलावा क्याल्सियम, सिलिकन, आइरन, म्यांगनिज, बिटा क्यारोटिन, प्रोटिन, पोटासियम र कपर पायन्छ। एक कप उमालिएको सिमीमा करिब ७ ग्राम प्रोटिन हुन्छ ।

**माछा**

एमिनो एसिड भरपूर पाइने भएकाले माछा प्रोटिन एक राम्रो स्रोत हो। माछामा लाइसिस र थ्रियोयिन तत्व पाइन्छ। साना माछा हड्डीसमेत उपभोग गर्नाले क्याल्सियम पनि राम्रो पाइन्छ। माछामा पाइने स्याचुरेटेड फ्याट, अधिक मात्रामा प्रोटिन र ओमेगा ३ फ्याटी एसिडका कारण यो स्वास्थ्यबर्द्धक मानिन्छ। माछामा भिटामिन, खनिजलगायत कयौं प्रकारका पोषक तत्व पाइन्छ ।

**अण्डा**

अण्डा खानाले शरीरका लागि आवश्यक भिटामिन र खनिज पाइन्छ। अण्डामा निकै प्रकारका पौष्टिक तत्व पाइन्छ, जसबाट भिटामिन र प्रोटिन पाइन्छ। १०० ग्राम उमालेको अण्डामा भिटामिन ए १० प्रतिशत, भिटामिन डी २१ प्रतिशत, १८ प्रतिशत भिटामिन बी १२, ५ प्रतिशत भिटामिन बी ६, म्याग्नेसियम २ प्रतिशत, आइरन ६प्रतिशत, सोडियम १२४ मिलिग्राम, पोटासियम १२६मिलिग्राम, कोलेस्टेरोल ३७३ मिलिग्राम र प्रोटिन १३ ग्राम पाइन्छ ।

**पनिर र डेरी उत्पादन**

पनीर, दही, चिजजस्ता डेरी उत्पादनमा प्रोटीन भरपूरमात्रामा पाइन्छ। चिजको तुलनामा पनीर र दहीमा क्यालोरी पनि कम हुन्छ। त्यसैले यी चिज खाँदा डाइट प्लानमा कुनै फरक पर्दैन। गाइको दूधबाट बनेको १०० ग्राम पनीरमा १८.३ ग्राम प्रोटीन हुन्छ, जो अण्डाभन्दा कयौं गुणा बढी हो ।

**उमारिएको गेडागुडी**

गहुँ, चना, मुँग, दालजस्ता उमारिएको गेडागुडीमा प्रोटीन निकै बढी पाइन्छ। एक कप उमारिएको अनाजमा १३ देखि १६ग्रामसम्म प्रोटिन हुन्छ। यसमा क्यालोरी कम हुने हुनाले सलादमा मिसाएर पनि खान सकिन्छ। उमालेर या पकाएर खानाले पनि यसमा भएको प्रोटिनले फाइदा नै दिन्छ।

# फत्तेपुरमा मेलिना राई को कुटुमा कुटु...



आइतबार समसाझै फत्तेपुरको दिलिप स्मृति रंगशाला मान्छेको चहल पहल निकै देखियो । दिउसै देखि बजारमा अहिले कि चर्चित गायिका मेलिना राई आउने हल्लाले सबैको मन उतै तानिएको थियो। रंगशालामा संचालित रमाइलो मिनि मेलामा आफ्नो पर्फमेन्स देखाउदै मेलिनाले कुटु मा कुटु सुपारी दाना भन्ने गित गाउदा सयौ को सख्यामा उपस्थित दर्शक ले कम्मर मर्काइ मर्काइ नाचेका थिए ।

सप्तरीको फत्तेपुर लगाएत बलार्दह ,कन्चनपुर,रुपनगर,महुली लगाएत उदयपुरका रामपुर, बसा,बेल्टार,गाइघाट लगाएत ठाँउबाट आएका दर्शकले खचाखच भरिएको रंगशालामा मेलिना राईले अहिलेका चर्चित गितहरु तिमिले बाटो फेर्यौ अरे,कसरी कसरी,चरी जस्तै उड्न पाए ,चाहिदैन हिरा र मोति जस्ता आधा दर्जन जति गित मा दर्शक लाई नचाएकी थिइन ।

रंगशालाको प्याराफिट निर्माणको सहयोगार्थ संचालित उक्त रमाइलो मिनि मेलामा २६ गते दिलिप रायमाझी र असार पहिलो साता माग्ने बुढो र ज्योती मगर आउने संचालक पर्बत लामाले जानकारी दिए ।

***प्रस्तुती: शिवप्रसाद आचार्य***

## तपाईंको यो साता

**मेष** (गु,गे,गो,सा,सी,सु,से,सो,द): मिष्ठान्न भोजन प्राप्त हुन सक्छ । पुराना साथीभाईहरुसित भेटघाट होला । व्यापार व्यवसायमा प्रगति होला ।

**वृष** (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): समय मध्यम खालको छ । नयाँ र रमाइलो ठाउँको भ्रमण होला । सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला ।

**मिथुन** (का,कि,कु,घ,ङ,छ,के,को,ह): मनमा चंचलता बढ्नेछ । आफन्तजनबाट सहयोग मिल्न कठिन होला । एकाग्र भएर काम गर्न मुस्किल पर्ला ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ । यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ । मन प्रफुल्ल रहला ।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला । तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन् ।

**कन्या** (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): समय उत्तम खालको छ । तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला । माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ ।

**वृश्चिक**:(टो,प,पी,पू,ष,ण,ठ,पे,पो): विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला । काम गर्ने जांगर र आत्मबल बढ्ला । मनमा उत्साह र हिम्मत बढ्नेछ ।

**तुला** (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । भेटघाटमा मन रमाउनेछ । खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन् ।

**धनु** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला । स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न । मन दोधार होला ।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय राम्रो छ । साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला । प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला ।

**कुम्भ** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला । शैक्षिक क्षेत्रभने मध्यम रहला । सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला ।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): समय उत्तम खालको छ । आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला । शुभ समाचार सुन्नाले मन प्रशन्न रहला ।

# स्वास्थ्य बिमाका केही गम्भीर कमजोरी

डा शरद वन्त

वज्ञान र प्रविधिको आँखाले मात्र हेर्ने हो भने जनस्वास्थ्यका समस्या हाम्रालागि ठूलो चुनौति होइन। बायोमेडिकल विज्ञान र प्रविधिको विकासले थुप्रै रोग पराजित गरिसकेको छ।

यसको मतलब अब मेडिकल साइन्स चाहिँदैन भन्ने होइन। नयाँ-नयाँ रोग आइरहेका छन् र तिनिहरूका विषयमा निरन्तर खोज भइरहेका छन्। यो क्रम निरन्तर चलिरहन्छ।

५० वर्षअघि हाम्रो लडाईं क्षयरोगविरुद्ध थियो। तर अब हामीले क्षयरोगसँग त्यति लड्नुपर्ने अवस्था छैन। किनभने क्षयरोग विज्ञानको उपलब्धिसँग पराजित भइसकेको छ। क्षयरोगलाई कसरी पहिचान गर्न र रोक्न सकिन्छ भन्ने विषयमा हामीसँग यथेष्ट ज्ञान र प्रविधि छ। यसको उपचारका लागि हामीसँग यति प्रभावकारी औषधि छन् कि अब हामी क्षयरोगलाई झण्डै शतप्रतिशत निको पार्न सक्छौं।

दुःखको कुरा यति हुँदाहुँदै पनि अन्य गरिब देशमा जस्तै हाम्रो देशमा पनि क्षयरोगकै कारण नेपालीले ज्यान गुमाउनु परिरहेको छ। उनीहरूलाई क्षयरोगले होइन, रोकथाम, निदान तथा उपचार प्रविधिको पहुँचमा ल्याउन नसक्ने परिवेशले मारेको हो। विद्यमान असमानता र विभेदले नै यो परिवेशलाई जन्माएको हो।

त्यसैले स्वाथ्यमा समानता र सामाजिक न्याय नै अहिलेको प्रमख मुद्दा हो। नवउदारवादी बजारमुखी अर्थ व्यवस्थाको आजको चरणले बनाएको वर्तमान असमान विश्वमा असमानता र विभेदले आम जनताको स्वास्थ्यमा पार्ने प्रतिकूल असरविरुद्ध विश्व समुदायको एउटा हिस्साले स्वास्थ्यमा सामाजिक न्याय र समानताको मुद्दा निरन्तर उठाईरहेको छ। युनिभर्सल हेल्थकेयर अथवा सबैका लागि स्वास्थ्यको नारामा पनि कोही पछाडी नपरुन् भनेर यही मर्म अभिव्यक्त भएको हो।

**हाम्रो सन्दर्भ**

विश्वका धेरै मुलुकले जस्तै युनिभर्सल हेल्थ केयरको सिद्दान्तलाई नेपालले पनि सैद्धान्तिक रुपमा स्विकार गरेको छ। तर, यो हाम्रा नीतिमा कसरी अभिव्यक्त भएका छन्, कार्यान्वयन कति विवेकपूर्ण र प्रतिबद्धतासाथ भएको छ, यही नै चासो र सरोकारको विषय हो।

दुई दशकदेखि नेपालले स्वास्थ्य क्षेत्रमा राम्रो उपलब्धि हासिल गरेको छ। स्वास्थ्यसूचकमा भएका प्रगति हेर्दा खुशी मान्नुपर्छ। तर ध्यान दिनैपर्ने के हो भने सुधार भएका यी सूचक राष्ट्रिय सरदरको मापन हो। यी सूचकले सबै तप्काका नेपालीको स्वास्थ्य स्थितिलाई प्रतिनिधित्व र प्रतिविम्बित गर्दैनन् । यी सूचकको विस्तृत र गहिरो विश्लेषण गर्ने हो भने त्यहाँभित्र थुप्रै असमानता भेटिन्छन्। जुनसुकै सूचकमा हेर्दा पनि त्यहाँ गाउँ र शहर, धनी र गरिब, जाति, भूगोल, क्षेत्रबीच




ठूलो असमानता पाइन्छ । हाम्रो अहिलेको सबैभन्दा ठूलो चुनौती भनेको नै त्यही असमानता र विभेद हो। दशकौंदेखिको त्यो असमानता टालिन सकेको छैन।

**अहिलेको अहम् प्रश्न हो असमानताको खाल्डो कसरी पुर्ने ?**

यो काम स्वास्थ्य क्षेत्रको प्रयास र दायराले मात्र सम्भव हुँदैन। त्यसमा अरु क्षेत्रका प्रतिबद्धता पनि उत्तिकै महत्वपूर्ण र अनिवार्य हुन्छन्। यतिखेर स्वास्थ्य क्षेत्रको दायित्व र जिम्मेवारीको मात्र सन्दर्भलाई बहसमा ल्याउन खोजिएको हो। यसले क्रमशः अरु क्षेत्रलाई पनि आकर्षित गर्दै जाला भन्ने अपेक्षा गर्न सकिन्छ। यी असमानता सम्बोधन गर्ने सन्दर्भमा पनि स्वास्थ्यका क्षेत्रमा थुप्रै पक्ष छन्।

पहिलो, हामीले नीतिगत रूपमा कति सम्बोधन गर्न सकेका छौं ? दोस्रो पक्ष भनेको त्यो नीतिको कार्यान्वयनमा त्यसका व्यवस्थापकीय पक्षमा कति सम्बोधन हुन सकेको छ ? यी दुई कुरा एक-अर्कासँग जोडिएर जान्छन्।

तर, यसमा पनि सबैभन्दा प्रमुख कुरा भनेको नीति नै हो। यदि हाम्रो व्यवस्थापकीय पाटोमा कमिकमजोरी छन् भने त्यहाँ त सुधार गर्न सकिएला। तर, नीतिले नै ठीक ढंगबाट सम्बोधन गर्न सकेको छैन भने त्यो व्यवस्थापकीय पक्ष सुधार गरेर पनि नतिजा आउँदैन।

**सन्दर्भ स्वास्थ्य बिमाको**

स्वास्थ्य सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चत गर्न स्वास्थ्य प्रणालीका विविध पक्ष जिम्मेवार हुन्छन्। तर पनि स्वास्थ्य बिमाको सन्दर्भमा यहाँ स्वास्थ्य सेवाको मूल्यचुक्ताको मुद्दाबारे चर्चा गर्न खोजिएको हो। सेवाको मूल्य चुकाउन नसकेका कारण नै कोही पनि नेपाली स्वास्थ्य सेवाबाट बन्चित हुनुहुँदैन भन्ने युनिभर्सल हेल्थकेयरको मर्मलाई केन्द्रमा राख्दा स्वास्थ्य सेवाको मूल्य चुक्ताको मुद्दा अहम् महत्वको हुन्छ।

अहिले पुँजीवादी अर्थ व्यवस्थालाई नेपालले अवलम्वन गरेको सन्दर्भमा स्वास्थ्य सेवाको मूल्य कसले चुकाउने भन्ने प्रश्न अब असान्दर्भिक भएको छ। किनभने स्वास्थ्य सेवाको मूल्य नागरिकले नै चुकाउँछ। 'राज्यले निःशुल्क उपचार गर्छ' भन्ने कुरा त भ्रममात्र हो। त्यो निःशुल्क होइन । राज्यले त जनताबाट नै उठाएर तिर्ने हो।

अहिले हाम्रो राज्यव्यवस्थामा जुन किसिमको आर्थिक ढाँचा अबलम्बन गरेका छौं त्यसअनुसार स्वास्थ्य सेवाको मुल्य नागरिकले नै चुकाउने हो। त्यसकारण अबको प्राथमिक प्रश्न भनेको त्यो मूल्य नागरिकले कसरी चुकाउँछ भन्ने हो। यही प्रश्नसँग नागरिकको स्वास्थ्य अधिकार, सामाजिक न्याय र समानता अनि राज्यको दायित्वको प्रश्न अन्योयाश्रित ढंगबाट जोडिएका छन्। त्यसकारण नेपालले विगत केही वर्षदेखि युनिभर्सल हेल्थकेयर, समानता, सुलभ स्वास्थ्य सेवाका लागि नै भनेर लागू गरेको स्वास्थ्य बिमा कार्यक्रमलाई यही कसीमा राखेर हेर्नु अत्यन्तै जरुरी छ।

नेपालमा स्वास्थ्य सेवाको प्रवाहलाई सबैको पहुँचमा पुर्‍याउन र गुणस्तरीय सेवा दिन सकारात्मक रुपमा नै यो सुधारको प्रयास गरिएको हो। स्वास्थ्य बिमा कार्यक्रमका महत्वपूर्ण दुइवटा सकारात्मक पक्ष छन्।

पहिलो, बिमा प्रणाली अग्रीम भुक्तानीमा आधारित भएकाले बिमितहरूले आवश्यक परेका बेला पैसा नभएर स्वास्थ्य सेवाबाट बन्चित हुनुपर्दैन। दोस्रो, बिमितहरूले वास्तविकभन्दा कम मूल्यमा सेवा उपभोग गर्न पाउँछन् अथवा बिमितले सेवाको वास्तविक मूल्यभन्दा कम अग्रीम भुक्तानी गर्दछ। त्यसैले, बिमितहरूले महंगो शूल्कका कारण स्वास्थ्य सेवाबाट बन्चित हुनुपर्दैन। तथापि, स्वास्थ्य बिमाका यी सकारात्मक पक्षले सामाजिक न्याय र समानता तथा युनिभर्सल हेल्थ केयरका मूल प्रश्नलाई आझेलमा पार्न सक्दैनन्।

**स्वास्थ्य बिमाका केही गम्भीर कमजोरी**

वास्थ्य क्षेत्रमा भएका आर्थिक अपर्याप्तता सम्बोधन गर्न विभिन्न देशहरूले विभिन्न विकल्प खोजेका छन्। तीमध्ये धेरै देशहरूले आर्थिक रुपमा कमजोर नागरिकको पक्षमा हुने विकल्प अवलम्बन गरेका छन्। दुःखको कुरा, हामीले ती सम्भावना र अवसर यथेष्ठ खोजी गरेको अनुभूत हुन सकेन। यहाँ स्वास्थ्य बिमाका केही कमजोर पक्षको विबेचना गर्ने प्रयास गरिएको छ ।

क) स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत तोकिएको शुल्क प्रिमियमको रुपमा पूर्वभुक्तानी गर्ने बिमित परिवारको मात्रै स्वास्थ्य सेवामा पहुँच हुन्छ। ती परिवारका सदस्यमात्र स्वास्थ्य सेवा उपभोग गर्न योग्य हुन्छन्। आर्थिक रुपले असमर्थ भएर होस् या अन्य कुनै कारणले, बिमित हुन नसकेका परिवारका सदस्यहरू बिमा कार्यक्रमअन्तर्गत प्रदान गरिने स्वास्थ्य सेवाबाट वन्चित हुनेछन्। चाहे त्यो सेवा उनीहरूका लागि जति नै आवश्यक किन नहोस्। यदि राज्यका कोही नागरिक कुनै पनि कारणले स्वतः नै सेवाबाट वन्चित हुनुपर्ने अवस्था रहन्छ भने यो बिमा कार्यक्रमलाई सामाजिक न्याय र समानताका दृष्टिकोणले न्यायसंगत मान्न सकिन्न र यो कार्यक्रमले युनिभर्सल हेल्थकेयरको मर्म सम्बोधन गरेको पनि ठहरिँदैन।

बिमा कार्यक्रममा सहभागी हुनैपर्ने बाध्यात्मक स्थिति त राज्यले कानुनी रुपमा बनाउने कुरा पनि प्रसंगमा आएको छ। तर बिमा कार्यक्रमका यिनै वर्तमान प्रावधान र शर्तलाई जस्ताको तस्तै राख्ने हो भने कानुनी बाध्यात्मक स्थिति कति न्यायपूर्ण होला ? यद्यपि अनिवार्य बिमा संलग्नताको अत्यन्तै महत्वपूर्ण पक्ष छ। तर स्वास्थ्य बिमाका वर्तमान प्रावधान र शर्तलाई न्यायपूर्ण ढंगबाट संसोधन गरिनुपर्छ ।

ख) वर्तमान बिमा कार्यक्रममा प्रिमियम शुल्कको निर्धारण सामाजिक न्याय र समानतामा आधारित नभएर गणितीय बराबरी र दामासाहीको सिद्धान्तमा गरिएको छ। अति गरीब भनेर राज्यले तोकेको एउटा समूहवाहेक यो बिमा कार्यक्रमले ८० प्रतिशतजति नेपालीलाई एकै ठाउँमा राखेर प्रिमियम शुल्क निर्धारण गरेको छ। नागरिक जति धनी हुन् या जतिसुकै गरिब हुन्, सुगम शहरमा बसुन् या दुर्गम गाउँमा, सबैले पाँच जनाको परिवारका लागि रु २५०० ( हाल तोकिएको) भुक्तान गर्नुपर्छ। हुने र नहुने दुवैले उस्तै सेवाका लागि उत्तिकै मूल्य चुक्ता गर्नुपर्ने कहाँको सामाजिक न्याय हो ? यो प्रणाली बजारमुखी बिमाको नमुना हो, जहाँ बिमित नागरिकलाई एउटा उपभोक्ताका रुपमा हेरिन्छ ।

बजारले जस्तै यो स्वास्थ्य बिमा कार्यक्रमले धनी र गरिबबीच समदुरीको सिद्धान्तलाई पालना गरेको छ। यसले सामाजिक न्याय र समानताको मर्मलाई आत्मसात् गर्न सकेको छैन। आर्थिक या अन्य रुपमा कमजोर र पछाडि परेका नेपालीको स्वास्थ्यको हकको सुरक्षा र उनीहरूको स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्नुपर्ने यति बेला सामाजिक न्याय र समानताको सिद्धान्तलाई स्वीकार नगर्ने स्वास्थ्य बिमा प्रणाली मान्य हुन सक्दैन।

ग) बिमा कार्यक्रममा एकपटक सहभागी भएपछि स्वास्थ्य सेवा निरन्तर उपभोग गर्न योग्य हुन शूल्क चुक्ता गरेर प्रत्येक बर्ष तोकिएको समयभित्र नवीकरण गर्नुपर्छ। कुनै पनि कारणले गर्दा नवीकरण गर्न नसके परिवार बिमित रहँदैन र स्वास्थ्य सेवाका लागि योग्य हुँदैन। यसरी शर्तमा बाँधिएर अथवा शर्त पालना गर्न नसकेकै कारणले स्वास्थ्य सेवाबाट बन्चित हुनुपर्ने प्रणालीले युनिभर्सल हेल्थ केयरको मर्यादालाई पालना गरेको मान्न सकिन्न। बिमा कार्यक्रमले उपचारको मूल्यको सीमा पनि तोकेको छ। यदि तोकिएको सीमाभन्दा बढी मूल्यको उपचार खर्च भएमा बाँकी सबै खर्च बिमितले नै बेहोर्नु पर्ने भएकाले यो कार्यक्रमले गरिब परिवारलाई आर्थिक जोखिमबाट बचाउँन पनि सक्दैन।

**अब के गर्न सकिन्छ?**

स्वास्थ्य बिमा कार्यक्रम तुलनात्मक रुपमा केही सकारात्मक भए पनि वर्तमान स्थितिमा स्वास्थ्यमा भएको विभेदलाई, हालका प्राबधान र शर्तहरूलाई यथावत राखेर सम्बोधन गर्न सक्दैन। देशले राजनीतिक काँचुली फेरेका बेला संविधानको मर्मलाई मनैदेखि आत्मसात गरी स्वास्थ्य प्रणालीलाई प्रगतिशील रुपान्तरण गर्ने एउटा ऐतिहासिक अवसरलाई हामीले छुटाएका छौं। तथापि, सुधारका सम्भावनालाई उपयोग गरेर न्यायपूर्ण स्वास्थ्य प्रणालीको विकास गर्ने प्रयास जारी राख्नुपर्छ ।

नेपालले अवलम्बन गरेको स्वास्थ्य बिमा कार्यक्रममा सुधार गर्नुपर्ने थुप्रै ठाउँ छन्। तिनीहरू मध्ये यहाँ मुख्य दुइवटा बुँदा प्रस्तुत गरिएको छः

क) युनिभर्सल हेल्थ केयरको केन्द्रीय सिद्धान्त हो स्वास्थ्य सेवाको पहुँचबाट कोही पनि वन्चित नहुन्। यसका नीतिगत, व्यवस्थापकीय, प्राविधिक आदि विविध पक्षसँगै आर्थिक पक्ष अत्यन्तै महत्वपूर्ण पाटो हो। गरिब र धनी, हुने र नहुने बस्ने समाजमा सामाजिक न्याय र समानताको सिद्धान्त अवलम्बन गरेर मात्रै यसलाई सम्बोधन गर्न सकिन्छ ।

यसको नीतिगत तथा व्यवहारिक कार्यान्वयन भनेको सारमा यो हो कि धेरै हुनेले धेरै तिर्ने, थोरै हुनेले थोरै तिर्ने, केही नहुनेले तिर्नै नपर्ने, तर स्वास्थ्य सेवा सबैले आवश्यकताअनुसार उपभोग गर्न पाउने। कसले कति योगदान गरेको छ भन्ने आधारमा होइन। कसलाई कति आवश्यकता छ त्यसका आधारमा सबै नागरिकले स्वास्थ्य सेवाको सहज उपभोग गर्न पाउनुपर्छ। नेपालले युनिभर्सल हेल्थ केयरको केन्द्रीय सिद्धान्तलाई इमान्दारितका साथ स्वीकारेको हो भने हालको स्वास्थ्य बिमा कार्यक्रममा सबैले बराबरी प्रिमियम शुल्क तिर्नुपर्ने प्राबधानलाई संसोधन गरेर परिवारको आयका आधारमा निर्धारण गरिनुपर्छ।

बिमा कार्यक्रम कोषमा राज्यले अनुदान दिने परिवारहरू समेतलाई समावेश गर्ने हो भने ३ करोड नेपालीबाट अहिलेको प्रिमियम शुल्क दरमा करीब १५ अरब रुपैंयाँ संकलन हुन्छ। यो रकमको ठूलो अंश केही प्रतिशत धनी परिवारबाट र सानो अंश धेरै गरिब परिवारबाट संकलन गर्नुपर्छ। यो अवस्थामा मात्रै बिमा कार्यक्रममा सहभागी हुन कानुनी अनिवार्यता अर्थपूर्ण हुन्छ र बिमा ऐनले निर्देश गरेजस्तै संलग्नता अनिवार्य गराउनु नै पर्छ। कति आय हुने परिवारले कति शुल्क योगदान गर्नुपर्ने हो भन्नेकुरा प्राविधिक बहसपछि निर्णय गर्न सकिन्छ। प्रमुख कुरा सिद्धान्तको हो।

ख) चर्चा गर्नैपर्ने अर्को मुद्दा के हो भने स्वास्थ्य बिमाले आधारभूत स्वास्थ्य सेवाभन्दा बाहेकका थप स्वास्थ्य सेवाहरू मात्र प्रवाह गर्नुपर्छ। यसको अर्थ, बिमित परिवारले उपभोग गर्न सक्ने रु ५० हजार (वर्तमान सीमा) मा परिवारले उपभोग गरेको आधारभूत स्वास्थ्य सेवाको पनि मूल्य तोकी काट्न हुँदैन।

नेपालको सविधानले नै सुनिश्चित गरेको आधारभूत स्वास्थ्यसेवा प्रत्येक नेपालीले निर्वाध उपभोग गर्नसक्छ। आधारभूत स्वास्थ्य सेवाको मूल्य नागरिकले नियमित सामान्य करको रुपमा राज्यकोषमा चुक्ता गर्ने भएकाले बिमाको सुबिधाबाट काट्न हुँदैन। आधारभूत स्वास्थ्य सेवालाई स्पष्टसँग परिभाषित गरी त्यसको प्रवाहका लागि संरचना र प्रक्रियाको व्यवस्थापन गर्नुपर्ने स्वास्थ्य क्षेत्रको दायित्व हो। यसका लागि समय लाग्ला र क्रमशः कार्यान्वयन होला। तर, नीतिगत रुपमा अहिले नै स्पष्ट हुनु जरुरी छ।

**अन्त्यमा,**

सबै नेपाली, बिशेषगरी गरिब र कमजोर तप्काका नागरिकको स्वास्थ्य रक्षाका लागि र स्वास्थ्यको स्थितिमा भएको असमानता हटाउन के गर्नुपर्छ, यो अहम् प्रश्न हो। गर्न सक्छौं कि सक्दैनौं यो सामयिक प्रश्न होईन। यदि हामी स्पष्ट छौं अनि साँचो अर्थमा प्रतिबद्द छौं भने हामीले गर्नुपर्छ र हामी गर्न सक्छौ.। अन्यथा, हामी गरिबी, बन्चितता र असमानताको उही शताब्दि पूरानो माखे साङलोको जालोमा फसिरहन्छौं ।

## विश्व वातावरण दिवसमा सरसफाइ

फत्तेपुर / विश्व वाताबरण दिवशको अबसरमा सप्तरीको सप्तकोसी मा गत मङ्गलबार भएको नगर सरसफाइ अभियान मा राष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेलसहितको टोलीले नगरसरसफाइ गरेका छन् ।

सप्तकोसी नगरपालिकाको आयोजना, दारी ग्याङ फत्तेपुरको संयोजनमा नगरसरसफाइ तथा बृक्षारोपण कार्यक्रम गरिएको थियो । कार्यक्रममा राष्ट्रिय सभा सदस्य प्याकुरेल, नगर प्रमुख उत्तम कुमार गौतम ,उप प्रमुख आशाकुमारी चौधरी वडा अध्यक्षहरु ,नागरिक समाजलगायतको उपस्थिति रहेको थियो ।

फतेपुर बसपार्कबाट सुरु गरिएको सरसफाइ कार्यक्रम सप्तकोसी नगरपालिका को १ को बजार क्षेत्र भरी गरिएको थियो । स्वास्थ चौकी ,विद्यालय सडक को दायाँबायाँ बिरुवा रोपिएको छ ।



## प्रदेश....

उल्लेख छ ।

त्यस्तै तीन वर्षभित्र प्रदेशलाई खुला दिसामुक्त बनाइने, एक घर एक शौचालय कार्यक्रम सञ्चालन गरिने र वीरगञ्जको नारायणी उपक्षेत्रीय अस्पताललाई हृदयरोग उपचार केन्द्रका रूपमा विकास गरिने कार्यक्रम पनि नीति तथा कार्यक्रममा राखिएको छ । 'मुख्यमन्त्री स्वच्छता अभियान'लाई निरन्तरता दिइने पनि नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

**कृषिमा विशेष जोड**

कृषि क्षेत्रको लक्ष्य र उद्देश्य प्राप्तिका लागि सरोकार भएकाहरुको सहकार्यमा प्रादेशिक कृषि, भूमि उपयोग, कृषि विद्युतीकरण नीति, कृषिको आधुनिकीकरण गरी कम श्रममा अधिक उत्पादनको नीति, भूउपयोग ऐन र सहकारीसम्बन्धी नीति तर्जुमा गरिने, आफैँ खेती गर्न नचाहने जग्गाधनीले खेतीयोग्य जग्गा भाडा दिन सक्ने र जग्गा नभएका वा कम जग्गा भएका कृषकलाई कृषि क्षेत्रमा आकर्षित गराउन चक्लाबन्दी गरी भूमि करारमा लिई व्यावसायिक खेती गर्ने प्रणालीको विकास गर्न आगामी दुई वर्षभित्र किसान भूमि बैंक स्थापना गरिने छ ।

प्रदेशको भौगोलिक र आर्थिक-सामाजिक विकासको गति हेरी सम्भाव्यता र जनचाहनाबमोजिम कृषिजन्य विशेष उत्पादन क्षेत्र तोकी त्यस्ता क्षेत्रमा आवश्यक उत्पादन तथा कृषि उत्पादनको समर्थन मूल्य निर्धारण गरी बजारीकरणका पूर्वाधारको विकास गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

त्यसैगरी प्रदेशमा माटो परीक्षण, बाली संरक्षण, खाद्य गुणस्तर जाँच प्रयोगशाला स्थापना गर्न र प्रदेशमा रहेका प्रयोगशालाको आवश्यक स्तरोन्नति गरिने, साना कृषक तथा भूमिहीन विपन्न किसानलाई कृषि उपज व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिने, युवाको बढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई कृषि तथा पशुपक्षी पालनमा आकर्षित गर्ने गरी युवा लक्षित कार्यक्रमलाई प्राथमिकता दिइने नीति तथा कार्यक्रममा उल्लेख छ ।

त्यस्तै वधस्थल निर्माण तथा माछामासु पसलको स्तरोन्नति गरी उपभोक्तालाई स्वच्छ र स्वस्थ्य माछामासु उपलब्ध गराउन आवश्यक व्यवस्था गरिने, कृषि तथा पशुपालन क्षेत्रमा भैरहेको अनियन्त्रित विषादी तथा प्रतिजैविक प्रयोगको कारणले मानव स्वास्थ्यमा पर्ने असर न्यूनीकरण गर्न प्राङ्गारिक खेती तथा पशुपालनमा जोड दिइनेछ ।

माटोको उर्वरा शक्ति बढाउन सन्तुलित मलको प्रयोगलाई बढावा दिइनेछ । प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगमा वृद्धि गर्न आवश्यक पहल गरिने, माछापालनका लागि अत्याधिक सम्भावित क्षेत्रको पहिचान गरी मत्स्य क्षेत्रका रुपमा विकास गर्नका लागि आधुनिक माछापालन प्रविधि स्वस्थ्यप्रद दाना उत्पादन, नश्ल सुधार, संकलन, ढुवानी, भण्डारण तथा आधुनिक बजार विकासका लागि आवश्यक पहल गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।

जुन सुकै पत्रिकामा
विज्ञापन गर्नु परे
नेपालका राष्ट्रिय तथा स्थानीय पत्रिकाहरुमा सूचना विज्ञापन छपाउन परे हामीलाई सम्झनु होला ।
अमर एडभरटाईजिङ धरान
९८५२०४९३२५, ९८५२०४७७७९

खुशीको खवर ! खुशीको खवर !!
अनुकुल पोलिक्लिनिक
तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरुद्वारा स्वास्थ्य परिक्षण हुने र निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।
हाम्रो सेवाहरु
OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ ।
सम्पर्क स्थान
N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३
नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।

बेलका नगरपालिकाको अनुरोध
– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।
बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा
अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा
प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१




IME सेवाः यहा विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।

e-Zone
Complete Mobile & Computer Concern





extra easy zone for excellent service in electrics, education & entertainment
Saptakoshi Nagarpalika 1, Fattepur, Saptari
031-550014, 3dezone@gmail.com

